अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्वन्धित)

बागमती गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : १ संख्या : २ मिति :२०७४।१२।०१

## भाग-१

## बागमती गाउँपालिका

**आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७४**
**वागमती गाउँपालिका, मकवानपुर**
**प्रदेश नं ३**

**प्रस्तावना :** यस वागमती गाउँपालिका, प्रदेश र संघीय प्रणाली विकासको लागि सबै बालबालिका र युवाका लागि उच्च गुणस्तरको सिकाईद्वारा यस क्षेत्रमा आवश्यक पर्ने सक्षम, दक्ष, योग्य, सीपयुक्त जनशक्ति उत्पादन गर्न तथा सर्वसाधारण जनतालाई सुलभ ज्ञान दिन र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल सर्वसांधारण जनताको सदाचार, शिष्टाचार र उच्च नैतिकता कायम राख्न यस गाउँपालिकामा स्थापना हुने तथा भैसकेका विद्यालयहरूको व्यवस्थापनमा सुधार गर्दै गुणस्तरयुक्त तथा सर्वाङ्गिण विद्यालय शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले,

"नेपालको संविधान २०७२ को भाग १८ को धारा २२१ र २२६, अनुसूची ८ तथा "स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ (ज)" मा रहेको काम, कर्तव्य र अधिकार कार्यान्वयन गर्न परिच्छेद १५ को दफा १०२ वमोजिम वागमती गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

### परिक्षेद-१
### संक्षिप्त नाम र परिभाषा

१. **विषय, नामर प्रारम्भः** (१) यस ऐनको नाम "आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७४ वागमती गाउँपालिका, मकवानपुर"रहेको छ ।

(२) यो ऐन वागमतीगाउँपालिका भर लागू हुनेछ ।

(३) यो ऐन शैक्षिक सत्र २०७५ देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,**

(क) “प्रारम्भिक बालशिक्षा” भन्नाले तीन देखि पाँच वर्ष मुनिका बालबालिकालाई दिइने एक वा दुई वर्षको प्रारम्भिक बाल शिक्षा सम्झनु पर्छ (नर्सरी र केजी)।

(ख) “आधारभूत शिक्षा” भन्नाले प्रारम्भिक बाल शिक्षा एक देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ।

(ग) “माध्यमिक शिक्षा” भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ।

(ङ) “गाउँपालिका” भन्नाले वागमती गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

(च) “गाउँ सभा” भन्नाले वागमती गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ।

(छ) “विशेष शिक्षा” भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्छ।

(ज) “विद्यालय शिक्षा” भन्नाले आधारभूत र माध्यमिक दुवै तहको शिक्षा सम्झनु पर्छ।

(झ) “प्राविधिक तथा ब्यावसायिक शिक्षा” भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषय वस्तुको सिकाई गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्र सम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ।

(ञ) “सामुदायिक विद्यालय” भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा रहित वा नाफा नकमाउने प्रकृतिको नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ।

(ट) “कर्मचारी” भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ।

(ठ) “संस्थागत विद्यालय” भन्नाले निजी पहलमा स्थापना गरिएका नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ।

(ड) “शिक्षक” भन्नाले अध्यापकलाई जनाउदछ, सो शब्दले प्रधानाध्यापकलाई समेतलाई जनाउँदछ।

(ढ) “आवासीय विद्यालय” भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयका रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ।

(ण) “अनुमति” भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति प्रदान गरि नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ।

(त) “स्वीकृति” भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ।

(थ) “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ।

(द) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ध) “स्थायी आवासीय अनुमति” भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायीरुपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छर सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ।

(न) “विव्यस” भन्नाले विद्यालयको संचालन, रेखदेख र व्यवस्थापन गर्न गठन भएको विद्यालय व्यवस्थापन समितिलाई जनाउँछ।

## परिक्षेद-२
## विद्यालय खोल्न अनुमति वा स्वीकृती सम्वन्धि व्यवस्था

**३. विद्यालय खोल्न अनुमति लिनु पर्नेः**

(१) कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठीअन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई गाउँपालिकाको तोकिएको अधिकारी समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी वडा अध्यक्षको सिफारिसमा तोकिएको अधिकारीले अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएका शर्त बन्देज पालन गरेको देखिएमा वडा समितिको सिफारिसमा तोकिएको अधिकारीले स्वीकृति प्रदान गर्नेछ ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न तोकिएको अधिकारीसमक्ष निवेदन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदनउपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न वडा समितिको सिफारिसमा पुनः अनुमति तथा स्वीकृति दिनेछ ।

(६) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैनः-

- (क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,
- (ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाइ सञ्चालन भएका विद्यालय,
- (ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

(७) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :-

- (क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,
- (ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँच जना र निजी गुठी भए कम्तीमा तीन जना सदस्य हुनुपर्ने,
- (ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यताप्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,
- (घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवन कालमै वा शेष पछि गुठीयारको रूपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने छ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१०) माथिल्ला उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन । तर नेपाल

सरकारसंग सम्झौता भएमा त्यस्ता विद्यालयहरुलाई पनि अनुमति दिन सक्ने छ । यसरी सञ्चालित विद्यालयहरुलाई नेपाल सरकारले जुनसुकै वेला बन्द गर्न सक्नेछ ।

(११) विद्यालय सञ्चालन तोकिए वमोजम हुनेछ ।

**४. परीक्षाको सञ्चालन :**

(क) विभिन्न कक्षाको शिक्षा उतिर्ण तथा योग्यता परीक्षाको संचालन तोकिए बमोजिम हुने छ ।

(ख) विद्यार्थी सिकाई उपलब्धि परीक्षण र व्यवस्थापन गर्न आधारभुत तहको कक्षा ३,५ र ८ मा गाउँपालिका स्तरीय परीक्षावाट परीक्षण गरिनेछ ।

(ग) माध्यमिक तहको कक्षा १० र ११,१२ को अन्तिम परीक्षा प्रदेश तथा संघीय सरकारले तोकिए बमोजिम संचालन र समन्वय गरिनेछ ।

**५. माध्यमिक शिक्षाको प्रकार:** माध्यमिक शिक्षा देहायका प्रकारका हुनेछन्

(क) साधारण माध्यमिक शिक्षा

(ख) संस्कृत माध्यमिक शिक्षा ।

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

**६. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, खुला तथा वैकल्पिक शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था :** गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, खुला तथा वैकल्पिक शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

**७. शिक्षाको माध्यम :**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबैभाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ :-

(क) कक्षा १ देखि ५ सम्मको शिक्षा स्थानीय मातृभाषामा दिन सकिनेछ,

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ,

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ,

(घ) अनिवार्य अंग्रेजी विषय अध्ययन गराउँदा माध्यम अंग्रेजी भाषामा नै गराउनु पर्नेछ ।

**८. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक :** विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड नघट्ने गरी सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले संघीय तथा प्रदेश सरकारले तोकेको मापदण्ड भित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ । सो प्रयोजनको लागि गाउँपालिकाले स्थानीय पाठ्यक्रम विकास केन्द्र गठन गर्न सक्नेछ ।

## परिच्छेद-३

## गाउँ शिक्षा समितिको गठन तथा गाउँ शिक्षा परामर्श समितिको गठन काम कर्तव्य र अधिकार

**९. गाउँ शिक्षा समिति:**

(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको ११ सदस्यीय गाउँ शिक्षा समिति रहनेछ :-

(क) गाउँपालिकाको अध्यक्ष -अध्यक्ष

(ख) गाउँ कार्यपालिकाले तोकेको शिक्षा हेर्ने विषयगत समितिको संयोजक -सदस्य

(ग) गाउँपालिकाले तोकेको गाउँ सभाका सदस्यहरुमध्येबाट दलित महिला एकजना -सदस्य

(घ) गाउँपालिकाको सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका सञ्जालको

अध्यक्ष वा छानि पठाएको एकजना महिला सहित दुईजना मनोनित -सदस्य

(ङ) समाजसेवी वा शिक्षाप्रेमीहरुमध्येबाट गा.शि.स.ले मनोनित गरेको महिला एकजना -सदस्य

(च) सामुदायिक विद्यालयका प्रअ तथा शिक्षकहरुमध्येवाट गाउँपालिका स्तरीय शिक्षक महासंघले छनोट गरेको एक जना महिला सहित दुईजना मनोनित -सदस्य

(छ) स्थानीय सामुदायिक अध्ययन केन्द्रमध्येवाट मनोनित एकजना -सदस्य

(ज) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(झ) गाउँपालिकाको गाउँ शिक्षा अधिकारी -सदस्य सचिव

(२) शिक्षामा काम गर्ने स्थानीय गैससका प्रतिनिधीलाई गाउँ शिक्षा समितिले आमन्त्रित सदस्यको रुपमा वोलाउन सक्नेछ ।

(३) समितिका सदस्य बाहेक मनोनित सदस्यको कार्यकाल २ वर्षको हुनेछ ।

(४) उपदफा (१) अन्तर्गत मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा जुनसुकै समयमा पनि हटाउन वा वर्खास्त गर्न सकिनेछ । तर त्यसरी हटाउन वा वर्खास्त गर्नु अघि मनासीब माफिकको स्पष्टिकरणको मौकावाट वञ्चित गरिने छैन ।

(५). गाउँ शिक्षा समितिको काम, कर्त्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(क) आफ्नो कार्य क्षेत्र भित्रको शैक्षिक योजना तथा शैक्षिक क्यालेण्डर तयार गर्ने ।

(ख) गाउँपालिका क्षेत्र भित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने, नामाकरण गर्ने सम्बन्धी गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आयव्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन गर्ने ।

(घ) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित वनाउन सहयोग गर्ने ।

(ङ) शिक्षाको गुणस्तर कायम राख्ने सूचक विकास गर्ने र प्रगति मूल्यांकन गर्ने,

(च) गाउँपालिका क्षेत्र भित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी, सेवा, सुविधा र शर्तहरु स्वीकृत गर्ने ।

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने, जागरुक र सजग वनाउने ।

(ज) विद्यालयको लागि आवश्यक साधान श्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(झ) विव्यस, शिक्षा अनुगमन समितिको शिफारिसमा शैक्षिक संस्था र शिक्षासंग आबद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसिहत, दण्ड, कारवाही गर्ने गराउने ।

(ञ) विद्यालयहरुको लेखा परीक्षकको नियुक्ति र पारीश्रमिक तोक्ने ।

(ट) शिक्षाको सामाजिक परीक्षण गर्ने ।

(ठ) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन, दरबन्दी मिलानको सिफारिस गर्ने ।

(ड) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(ढ) विषय विशेषज्ञहरुको छनौट गरेर सूची प्रकाशन गर्ने ।

(ण) अभिभावक र शिक्षक वीच विवाद भएमा त्यसको समाधान गर्ने ।

(त) संस्थागत र शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरु निर्धारण गर्ने ।

(थ) अन्य तोकिए वमोजिमका कार्यहरु गर्ने ।

(६) गाउँ शिक्षा अधिकारी :

(१) गाउँपालिकामा कार्यरत गाउँ शिक्षा अधिकारी गाउँ शिक्षा समितिको सदस्य सचिवको भूमिकामा रहनेछ ।

(२) गाउँ शिक्षा अधिकारीको काम कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।

## १०. शिक्षा अनुगमन समिति :

(१) विद्यालय शिक्षाको समग्र पक्षको अनुगमन गर्न देहाय वमोजिम शिक्षा अनुगमन समिति गठन हुनेछ ।

(क) गाउँ कार्यपालिकाको सदस्यहरु मध्ये शिक्षा हेर्ने प्रमुख -अध्यक्ष
(ख) गाउँ सभाका सदस्यहरुमध्येबाट गाउँ कार्यपालिकाले तोकेको एकजना -सदस्य
(ग) गाउँ शिक्षा समितिले तोकेको पूर्व शिक्षकहरुमध्येबाट एक जना -सदस्य
(घ) गाउँ शिक्षा समितिले तोकेको लेखापालन सम्बन्धी ज्ञान भएका मध्ये एकजना -सदस्य
(ङ) शिक्षक महासंघका गाउँपालिकाको प्रमुख वा प्रतिनिधी -सदस्य
(च) स्थानीय शिक्षाप्रेमीमध्ये शिक्षा समितिले मनोनित गरेको एक जना महिला सहित दुईजना -सदस्य
(छ) विव्यस सञ्जालको प्रमुख वा प्रतिनिधी -सदस्य
(ज) गाउँ शिक्षा अधिकारी वा निजले तोकेको शिक्षा शाखाको कर्मचारी -सदस्य सचिव

(२) शिक्षा अनुगमन समितिको काम, कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।

**११. घुम्ति विद्यालय सञ्चालन गर्न सक्ने :** गाउँपालिकाको तर्फबाट विकट क्षेत्रमा आवश्यकता पहिचान गरी तोकिए बमोजिमको घुम्ति विद्यालयहरु सञ्चालन गर्न सक्नेछ ।

**१२. सामुदायिक अध्ययन केन्द्र सञ्चालन गर्न सक्ने:**

(१) गाउँपालिकाले समुदायमा साक्षरता, निरन्तर शिक्षा, सीपविकास, निरन्तर सिकाइ र वैकल्पिक शिक्षा समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक अध्ययन केन्द्र सञ्चालन गर्न सक्नेछ ।

(२) सामुदायिक अध्ययन केन्द्र मार्फत गाउँपालिकाले पुस्तकालय र वाचनालय सञ्चालन र व्यवस्थापन गर्न सक्नेछ ।

**१३. अनुदानको व्यवस्था:**

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको मापदण्डको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिईनेछ । उच्च शैक्षिक गुणस्तर कायम गर्ने विद्यालयलाई प्रोत्साहन अनुदान दिईनेछ, तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिँइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

(२) सामुदायिक विद्यालयहरुलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

**१४. छात्रवृत्तिको व्यवस्था गर्न सक्ने :** गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ । गाउँपालिका भित्रका सामुदायिक विद्यालयवाट एसईई परीक्षामा उत्कृष्ट हुने एक छात्रा र एक छात्रलाई उच्चशिक्षा अध्ययनको लागि छात्रवृतीको व्यवस्था गरिनेछ ।

**१५. प्रारम्भिक बाल शिक्षा सम्बन्धी व्यवस्था :** प्रत्येक सामुदायिक विद्यालयमा एक प्रारम्भिक वाल शिक्षाको व्यवस्था गरिनेछ । प्रारम्भिक बाल शिक्षा विद्यालयको आवश्यकता अनुसार एक वा दुई वर्षको हुनेछ । सो कक्षा सञ्चालन तथा व्यवस्थापन व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१६. विद्यालय व्यवस्थापन समिति गठन र परिचालन :**

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) अभिभावकले आफूहरुमध्येबाट छानी पठाएको कम्तीमा दुईजना महिला सहित चारजना -सदस्य
(ख) विद्यालय रहेको सम्बन्धित वडाका जनप्रतिनिधिहरुले आफुमध्येवाट छनोट गरि पठाएको एकजना -सदस्य
(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, चन्दादाता, विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका व्यक्तिहरूमध्येबाट विव्यसले मनोनीत गरेको एकजना महिला सहित दुईजना -सदस्य
(घ) विद्यालयका शिक्षकले आफूहरुमध्येबाट छानी पठाएको एकजना -सदस्य
(ङ) विद्यालयको प्रधानाध्यापक -सदस्य-सचिव

(२) विव्यसका सदस्यहरुले उपदफा १ को (क) र (ग) वमोजिमका सदस्यहरुमध्येवाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(३) विव्यसको अध्यक्ष छनोट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितीमा सो समितिका जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) वहालवाला निर्वाचित जनप्रतिनिधीहरु विव्यस अध्यक्षमा रहने छैनन् । हाल वहाल रहेको भएमा ऐन प्रारम्भ भएको मितिदेखि स्वतः पदमुक्त भएको मानिनेछ ।

(५) विव्यसको अध्यक्ष बन्न सम्बन्धित तहको शैक्षिक योग्यता भएको हुनु पर्नेछ । तर सो योग्यता भएको कसैले पनि दावी नगरेमा वा नभएमा शैक्षिक योग्यता हुनु पर्ने वाध्यता पर्ने छैन् ।

(६) प्राविधिक र व्यावसांयिक विषयमा अध्ययन वा तालीम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा गाउँपालिका क्षेत्रभित्रका सम्बन्धित विषय तथा व्यवसायसंग आवद्धहरुमध्ये शिक्षा समितिले मनोनित गरेको एक जना महिला सहित थप दुई जना सदस्य रहनेछ ।

(७) उपदफा (१) र (६) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि चार वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा गाउँ शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन् ।

(८) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरु अपाङ्गता भएका व्यक्तिको अभिभावकहरु सदस्य रहनेछन् ।

(९) व्यवस्थापन समितिको म्याद सकिनु भन्दा कम्तिमा दुई महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन बहालवाला व्यवस्थापन समितिले गरी पदभार हस्तान्तरण गर्नु पर्नेछ । यसो हुन नसकेमा वा व्यवस्थापन समिति गठन विवादित भएमा तोकिए बमोजिम व्यवस्थापन समितिको गठन गाउँशिक्षा समिति स्वयंले गर्नेछ ।

(१०) व्यवस्थापन समिति गठन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(११) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

- (क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,
- (ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,
- (ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,
- (घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँपालिकालाई दिने,
- (ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रादायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,
- (च) विद्यालय व्यवस्थापन समितिको सचिवालय विद्यालयमै व्यवस्थित गर्ने, गराउने;
- (छ) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको हाजिरी जाँच तथा अनुपस्थितलाई गयल गर्ने,
- (ज) गाउँपालिकाबाट खटिएका शिक्षक तथा कर्मचारीलाई हाजिर गराई काममा लगाउने;
- (झ) रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,
- (ञ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन गाउँ शिक्षा समितिमा पेश गर्ने,
- (ट) तोकिए बमोजिमका क्षेत्रसँग सम्बन्धित गाउँपालिका र गाउँ शिक्षा समितिले दिएको निर्देशनहरूको पालना गर्ने,
- (ठ) तोकिए बमोजिम शिक्षक तथा कर्मचारीलाई पुरस्कार र दण्डको गाउँ शिक्षा समितीलाई शिफारिस गर्ने;
- (ड) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त वा बढुवा गरेका शिक्षकको लागि सेवा, शर्त र सुबिधा तोक्ने र तोकिए बमोजिमको पारीश्रमिक तथा सुविधाको व्यवस्था गर्ने;

(१२) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा गाउँशिक्षा समितिबाट मनोनित भएका व्यक्ति -अध्यक्ष

(ख) अभिभावकहरू मध्येबाट विद्यालय व्यवस्थापनसमितिले मनोनित गरेको एकजना महिला -सदस्य

(ग) स्थानीय शिक्ष प्रेमी वा समाजसेवीहरू मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना -सदस्य

(घ) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक -सदस्य

(ङ) सम्बन्धित विद्यालयको शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एकजना -सदस्य

(च) विद्यालय रहेको सम्बन्धित वडाका जनप्रतिनिधिहरु मध्येबाट वडा समितिको सिफारिसमा वडा शिक्षा समितिले मनोनयन गरेको सदस्य एकजना -सदस्य

(छ) विद्यालयको प्रधानाध्यापक -सदस्य-सचिव

(१३) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) विद्यालयले गाउँपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्यरूपमा लागू गर्ने,

(च) अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पूरागरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(छ) नेपाल सरकारले तोकेको न्यूनतम तलब स्केलमा नघटाई शिक्षकलाई तलब दिने,

(ज) अनुशासनहीन शिक्षक उपर कारबाही गर्ने,

(झ) शिक्षा ऐन तथा नियमावली तथा अन्य कानूनमा उल्लेखित व्यवस्थाका अतिरिक्त गाउँपालिकावाट जारी शिक्षा क्षेत्रसंग सम्बन्धित सवै नियम, नीति तथा निर्देशनहरूको पालना गर्ने;

(ञ) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख रव्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१४) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**१७. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने :**

(१) कुनै विद्यालयको व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेको निष्कर्ष वडा शिक्षा समिति वा शिक्षा अनुगमन समिति वा गाउँ शिक्षा समितिले निकाली सिफारिस गरेमा सोको कारण खुलाइ गाउँपालिकाले त्यस्तो विद्यालय व्यवस्थापन समिति तोकिएको प्रकृया पुर्‍याइ विघटन गर्न सक्नेछ । तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न गाउँपालिकाले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

(३) यस अघि गठित विद्यालय व्यवस्थापन समिति यसै ऐन बमोजिम गठन भएको मानिने छ । सो समितिको म्याद गठन भएको मितिले यस ऐन बमोजिम कायम हुनेछ ।

**१८. जवाफदेहिता :** विव्यस गाउँ शिक्षा समिति प्रति, प्रअ विव्यस प्रति, शिक्षक प्रअ प्रति जवाफदेहि हुनु पर्नेछ । तर नैतिक रुपले विव्यस, प्रअ र शिक्षक विद्यार्थी तथा अभिभावक प्रति र एकअर्का प्रति जवाफदेहि हुनु पर्नेछ । सबैले तोकिए बमोजिम वार्षिक रुपमा कार्यसम्पादन मुल्याङ्कन गर्नु गराउनु पर्नेछ ।

**१९. गाउँ शिक्षा परामर्श सभा :**

(१) गाउँपालिकामा देहाय बमोजिमको गाउँ शिक्षा परामर्श सभा गठन गर्ने छ । उक्त गाउँ सभामा देहाय अनुसारको सदस्य रहने छ ।

| | | |
|---|---|---|
| (क) | गाउँपालिका अध्यक्ष | -अध्यक्ष |
| (ख) | गाउँपालिका कार्य समितिका पदाधिकारीहरु | -सदस्य |
| (ग) | वडा अध्यक्ष तथा सदस्यहरु | -सदस्य |
| (घ) | समाजका विज्ञ प्रतिष्ठित शैक्षिक व्यक्तिहरु | -सदस्य |
| (ङ) | गाउँपालिका भित्रका सामुदायिक विद्यालयका प्रअहरु | -सदस्य |
| (च) | गाउँपालिका भित्रका सामुदायिक विद्यालयका विव्यस अध्यक्षहरु | -सदस्य |
| (छ) | स्थानीय तहमा कार्यरत विषयगत निकायका प्रमुखहरु | -सदस्य |
| (ज) | स्थानीय दलका प्रमुख तथा प्रतिनिधीहरु | -सदस्य |
| (झ) | गाउँपालिकाका शिक्षक महासंघ र विव्यस संजाल प्रतिनिधी | -सदस्य |
| (ञ) | गाउँपालिकामा कार्यरत गैसस तथा नागरीक समाजका प्रतिनिधीहरु | -सदस्य |
| (ट) | सामुदायिक अध्ययन केन्द्रका प्रतिनिधी | -सदस्य |
| (ठ) | गाउँपालिकाको प्रशासकिय अधिकृत | -सदस्य |
| (ड) | गाउँ शिक्षा अधिकारी | -सदस्य सचिव |

(२) शिक्षा परामर्श सभा वर्षमा कम्तिमा दुई पटक बस्नु पर्नेछ ।

(३) सभाको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुने छ ।

**२०. वडा शिक्षा समिति :**

(१) वडा स्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन हुनेछ ।

| | | |
|---|---|---|
| (क) | वडा समितिको अध्यक्ष | -अध्यक्ष |
| (ख) | वडा समितिका सदस्यहरु मध्ये वडा समितिको बैठकले तोकेको एकजना महिला | -सदस्य |
| (ग) | वडा भित्रका शिक्षाप्रेमीहरु मध्येबाट वडा समितिले तोकेको एकजना | -सदस्य |
| (घ) | विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुमध्ये वडा समितिको बैठकले तोकेको एक जना | -सदस्य |
| (ङ) | वडा भित्र रहेका सामुदयिक विद्यायलको प्रअहरुले आफुमध्येवाट छानी पठाएको एकजना | -सदस्य |
| (च) | समितिको बैठकले आफुहरुमध्ये छानीएको सदस्यहरु मध्ये सदस्य सचिव हुने छ । | |

(२) वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।

## परिच्छेद-४

## गाउँपालिका शिक्षा विकास कोष तथा विद्यालय गाभ्न, सार्न, नामाकरण गर्न सकिने व्यवस्था

**२१. गाउँपालिका शिक्षा विकास कोषः**

(१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिकगुणस्तर अभिवृद्धि गर्नको लागि गाउँपालिका स्तरमा एक गाउँ शिक्षा विकास कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्:-

(क) संघीय सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(घ) संस्थागत विद्यालयबाट प्राप्त विद्यालयको वार्षिक कूलआम्दानी मध्ये तोकिए बमोजिमको रकम,

(ङ) चन्दाबाट प्राप्त रकम,

(च) शिक्षा करवाट प्राप्त रकम,

(छ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) गाउँपालिका शिक्षा विकास कोषको सञ्चालन गाउँ शिक्षा समितिले परिचालन गर्ने छ ।

**२२. विद्यालय कोषः**

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय वमोजिमका स्रोतवाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछ :-

(क) संघीय सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) गाउँपालिका शिक्षा कोषबाट प्राप्त अनुदान,

(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा सामाजिक परीक्षण तोकिए बमोजिम हुनेछ ।

**२३. विद्यालय कोष सञ्चालन :** विद्यालयको सबैखाले बैंक खाता विव्यस अध्यक्ष र प्रअ वा प्रअ र लेखापालको संयुक्त दस्तखतमा संचालन गरिने छ ।

**२४. गाउँपालिकाले निर्देशन दिन सक्नेः**

(१) गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**२५. गाउँपालिकाले विद्यालयको नामाकरण, नक्सांकन गरी सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने** : हाल सञ्चालन भइरहेका विद्यालयलाई नक्सांकनको आधारमा एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय सार्न, खोल्न वा विद्यालयमा कक्षा थप गरी सञ्चालन गर्न तथा नामाकरण गर्न वडा शिक्षा समिति र अनुगमन समिति वा गाउँ शिक्षा समितिको सिफारिशमा गाउँपालिकाले अनुमति वा स्वीकृति दिन सक्नेछ ।

**२६. विद्यालयको सम्पत्तिः**

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँ पालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुन बमोजिम बेचबिखन गरी प्राप्त भएको रकम सम्बन्धित गाउँपालिका शिक्षा विकास कोषमा जम्मा गर्नु पर्नेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वामित्व परिवर्तन गर्न पाइनेछैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको अनुमति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघसंस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिन पर्नेछ ।

(५) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको स्वीकृति विना बेचबिखन गर्न पाइने छैन ।

**२७. विद्यालयलाई छुट र सुविधा**

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीकोरूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

**२८. स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्धन र स्तरीकरण :** गाउँपालिका भित्र रहेका शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्धन र स्तरीकरण तोकिए बमोजिम हुनेछ ।

**२९. शिक्षण सिकाइ, शिक्षक, कर्मचारीको तालिम तथा क्षमता विकास :** शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास तोकिए बमोजिम हुनेछ ।

**३०. सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, संचालन रव्यवस्थापन :** गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

**३१. विव्यस तालिम र अभिभावक शिक्षा :** गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयका विव्यस र अभिभावकहरुलाई अभिभावक शिक्षा तोकिए बमोजिम हुनेछ ।

**३२. अनुमति वा स्वीकृति रद्द गर्ने :** कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा तोकिएको अधिकारीले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

**३३. विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्ने :**

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालय भित्र कुनै पनि किसिमको अवाञ्छित कृयाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए वमोजिम हुनेछ ।

**३४. शुल्कसम्बन्धी व्यवस्थाः**

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै अभिभावकले आफ्नो इच्छाल दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सकिनेछ ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) विद्यालयशिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि एकमुष्ट अनुदानमा आधारित सामुदायिक विद्यालयले अनुदान नव्यहोरिएका विद्यार्थीहरु मध्येका शुल्क तिर्न राजी अभिभावकहरुवाट शुल्क उठाउनवाट बन्देज लाग्ने छैन् । तर शुल्क तिर्न राजी नभएको कारणवाट कुनै पनि वालवालिकालाई शिक्षावाट वञ्चित गर्न पाईने छैन् ।

(६) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनःसोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(८) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ ।

(९) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

(१०) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले एक लाख रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

## परिच्छेद-५
## शिक्षक तथा कर्मचारीको पदिय आचरण सम्वन्धित व्यवस्था

**३५. शिक्षक महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः**

(१) सामुदायिक विद्यालयका शिक्षकहरूको पेशागत हक हितको सम्बन्धमा कार्य गर्न तोकिए बमोजिम एक शिक्षक महासंघ रहनेछ ।

(२) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन गाउँपालिकामा सिफारिस गर्नेछः-

(क) तोकिए बमोजिमका पदीय दायित्व पूरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक कृयाकलाप गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी सदस्य रहेको पाइएमा,

(छ) शिक्षक वा कर्मचारीहरुले व्यवसायिक हक हितका नाममा छद्म रुपमा अमूक राजनैतिक दलको मात्र हित वा विरोधमा कार्य गर्ने संगठनका गतिविधिमा कार्यालयको समयमा संलग्न भएमा ।

(३) उपदफा (२) वमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने एथेष्ट प्रमाण प्राप्त भएमा गाउँपालिकाले नीजलाई पदबाट हटाउन सक्नेछ । तर कार्यरत पदवाट हटाउनु अघि मनासिव सफाईको स्पष्टिकरणको मौका भने प्रदान गरिनेछ ।

(४) सबै खाले शिक्षक तथा कर्मचारीलाई कुनै प्रतिशोध राखि फरक व्यवहार गरिने छैन ।

**स्पष्टिकरण :** यस खण्डको प्रयोजनको लागि “कार्यकारिणी समिति भन्नाले राजनीतिक दलको विधान वमोजिम गठित केन्द्रीयस्तर, प्रदेशस्तर, जिल्लास्तर वा स्थानीयस्तरका कार्यकारिणी समिति सम्झनुपर्छ ।

**३६. विव्यस संजाल :** यस गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु सदस्य रहेको एक विव्यस संजाल रहने छ ।

**३७. स्थायी आवासीय अनुमति लिन नहुने :** सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरुले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन । स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरुलाई दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ ।

**३८. शैक्षिक योग्यता :** विद्यालयको शिक्षकको लागि चाहिने शैक्षिक योग्यता नेपाल सरकारले तोकिए बमोजिम हुनेछ ।

**३९. शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्ने :** गाउँपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

**४०. शिक्षकलाई अन्य काममा लगाउन नहुने :**

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

**४१. अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने :**

(१) दफा ३५ उपदफा (२) मा उल्लेख भएका कुनै वा केही आरोपमा सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक/कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनःबहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षकले नोकरीबाट हटे देखि पुनःबहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ ।

**४२. शिक्षकको नियुक्ति र सरुवाः**

(१) विद्यालयमा रिक्त तथा राहत शिक्षक दरवन्दीमा अस्थायी तथा करार नियुक्तिको व्यवस्था तोकिए वमोजिम हुनेछ ।

(२) सरुवा हुन आवेदन दिने दरवन्दीमा कार्यरत शिक्षकलाई गाउँपालिका भित्रका कार्यरत विद्यालयको व्यवस्थापन समिति र सरुवा हुने विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी गाउँ शिक्षा समितिले तोकिए बमोजिमको प्रकृया अपनाइ रिक्त दरवन्दीमा सरुवा गर्न सक्नेछ ।

(३) सरुवा हुन आवेदन दिने दरवन्दीमा कार्यरत शिक्षकलाई गाउँपालिका भित्रका कार्यरत विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी गाउँपालिकाले अर्को गाउँपालिकामा सरुवाको लागि सहमति दिन सक्नेछ ।

(४) गाउँपालिका भित्र रहेका सरकारी श्रोतवाट तलव भत्ता खाने सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरुलाई ५/५ वर्षमा तोकिए बमोजिम सरुवा गरिनेछ ।

**४३. अनिवार्य सामुदायिक विद्यालयमा वालवालिका पढाउनु पर्ने :** विव्यस, जनप्रतिनिधि, सरकारी तलव सुविधा खाने व्यक्ति तथा शिक्षक कर्मचारीका छोराछोरीहरुलाई अनिवार्य सामुदायिक विद्यालयमै पढाउनु पर्नेछ । यदी कसैले अन्यत्र पढाउन चाहेमा वा पढाएमा तोकिए बमोजिम शैक्षिक कर तिर्नु पर्नेछ ।

**४४. दरवन्दी मिलान :** तोकिएको मापदण्डको आधारमा बढी दरवन्दी भएको विद्यालयबाट शुन्य दरवन्दी र कम दरबन्दी भएको विद्यालयमा तोकिएको अधिकारीले तोकिएको प्रकृया पूरा गरी दरबन्दी मिलान गर्नेछ ।

**४५. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने :**

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्गता भएकाहरु, महिला र दलित वा जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापक, गाउँपालिकाको प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको प्रतिनिधि रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ ।

(३) बेपत्ता, शहीद परिवार र जनआन्दोलनका घाईतेका छोराछोरीहरुलाई निःशुल्क अध्यापन गराउनु पर्नेछ ।

(४) समितिले छनौटको लागि आधार, शर्त र प्रकृया तयार गरी सो विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराइ सार्वजनिक समेत गर्नु पर्नेछ ।

(५) समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नु पर्नेछ ।

**४६. संस्थागत विद्यालयले गाउँपालिकालाई कर तिर्नु पर्ने :** गाउँपालिका भित्र सञ्चालनमा रहेका तथा सञ्चालन हुने संस्थागत विद्यालयले गाउँपालिकाले तोकिए बमोजिम कर तिर्नु पर्नेछ ।

**४७. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने :** दफा ४१ मा उल्लेखित अवस्थामा वा नियमानुसार विदा स्वीकृत गराइ बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैनन् र त्यस्तो अवधि निजको सेवामा समेत गणना हुने छैन ।

**४८. प्रधानाध्यापक तथा शिक्षक र कर्मचारी सम्बन्धी व्यवस्था :**

(१) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक र गाउँपालिकाले स्वीकृत गरे बमोजिमको संख्यामा शिक्षक र कर्मचारीको दरबन्दी रहनेछ ।

(२) उपदफा (१) बमोजिमका प्रधानाध्यापक तथा कर्मचारी नियुक्ति, सेवाको सर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४९. बालबालिकालाई निष्काशन गर्ने, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुनेः**

(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाईने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

## परिच्छेद-६
## परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम सम्वन्धि व्यवस्था

**५०. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालन :**

(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५१. प्रगति विवरण बुझाउनु पर्ने :** सामुदायिक तथा संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरणसहितको प्रगति विवरण गाउँपालिका कार्यालयमा अनिवार्य बुझाउनु पर्नेछ ।

## परिच्छेद-७
## दण्ड जरिवना सम्वन्धि व्यवस्था

**५२. दण्ड सजायः**

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असूल गरी विगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी कानूनले तोके वमोजिम सजाय हुनेछः-

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा ।
(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,
(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा ।
(झ) कानून विपरीतको अन्य कार्य गरेमा ।

(३) कानून बमोजिमको कसूरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ ।

**५३. पुनरावेदनः** तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर कानून वमोजिम पुनरावेदन लाग्नेछ ।

## परिच्छेद-८
## गाउँपालिकालाई नियम बनाउने अधिकार

**५४. नियम बनाउने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यान्वन गर्न गाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि गाउँ शिक्षा समितिले आवश्यक कार्यविधी तथा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

**५५. संक्रमणकालीन व्यवस्था :**

(१) यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदा सम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

(२) यो ऐन जारी भए पछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमति गाउँ शिक्षा समितिले दिन सक्नेछ ।

**५६. बाधा अडकाउ फुकाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा गाउँ पालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

## परिच्छेद-९
## बचाउ तथा खारेजी सम्वन्धि व्यवस्था

**५७. बचाउ र लागू नहुनेः**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना-मिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

(३) संविधान र स्थानीय सरकार संचालन ऐनसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु वाझिएको हदसम्म स्वतःनिस्क्रीय हुनेछ ।

(४) यस अघि कानून वमोजिम नियुक्त शिक्षक कर्मचारीहरुलाई नेपाल सरकारले दिइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन । तर यो व्यवस्थाले कानून वमोजिम दण्ड, सजाय र कारवाही गर्न वाधा पर्ने छैन ।

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत